विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७९/०७/०३ मा बसेको बैठकको एजेन्डा र निर्णयहरूः-

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | गौरवका आयोजना छनौट सम्बन्धमा। | महानगरको गौरवका आयोजना अन्तर्गत रानीमाई पोखरी र मन्ठा पोखरी आयोजनाको लागि यस आ.व.मा रु.१ करोड एवम् बजरङ्गबली मन्दिर आरती साइट निर्माण, वडा नं. २ आयोजनाको लागि रु.१ करोड बजेट विनियोजन गरिएकोमा रानीमाई पोखरीको रु.१०,३२,५५,३०९।१५, मन्ठा पोखरीको रु.११,१९,०३,७१५।२८ र बजरङ्गबली मन्दिर आरती साइट निर्माणको रु.५,४१,७३,८०१।७१ बराबरको लागत अनुमान तथा DPR स्वीकृत गरी बहुवर्षीय आयोजना अनुरुप खरिद प्रक्रिया अगाडि बढाउने र यस आ.व.मा अपुग हुने बजेट आगामी नगर सभाबाट अनुमोदन हुनेगरी व्यवस्था गर्ने सर्वसम्मतिले निर्णय गरियो। साथै, रानी भन्सार नाका छेउमा मोरङ व्यापार संघको साझेदारीमा (महानगरपालिकाको असी प्रतिशत र संघको बीस प्रतिशत) रु.८२,४३,६४०।२४ बराबरको लागत अनुमानको सार्वजनिक शौचालय निर्माण गर्ने र सोको लागि आवश्यक सम्झौता गर्ने अधिकार नगर कार्यपालिकाको कार्यालयलाई प्रदान गर्ने निर्णय गरियो। |
| २ | नक्सा पास कार्यविधि सम्बन्धमा। | विराटनगर महानगरपालिकाको नक्सा पास कार्यविधिमा समसामयिक संशोधन गर्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरियो। |
| ३ | राजश्व सम्बन्धी (विज्ञापन कर, कवाडि कर, हाट बजार व्यवस्थापन, जिल्ला प्रशासन कार्यालय अगाडिको सटर तथा सार्वजनिक शौचालयको ठेक्का व्यवस्थापन, वडा नं.१५ स्थित पोखरीको ठेक्का व्यवस्थापन, बहाल कर, लगायत सम्बन्धमा)। | महानगरपालिकाको वित्तीय अधिकार क्षेत्रभित्रको जडीबुटी, कवाडि र जीवजन्तु कर, हाट बजार शुल्क र विज्ञापन कर सङ्कलनका लागि ठेक्का प्रक्रिया अघि बढाउने एवम् जिल्ला प्रशासन कार्यालय, मोरङ अगाडिको सटर तथा सार्वजनिक शौचालय र वडा नं.१५ स्थित पोखरीको समेत ठेक्का प्रक्रिया अगाडि बढाउने सर्वसम्मतिले निर्णय गरियो। साथै, बजार क्षेत्रको व्यापारिक सटर/भवनको न्यूनतम बहाल रकम निर्धारणका लागि देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।<br>(१) श्री नागेश कोइराला, प्रमुख – संयोजक<br>(२) श्री राम पोखरेल, वडा अध्यक्ष, वडा नं.८ – सदस्य<br>(३) श्री दीपक कुमार कर्ण, कार्यपालिका सदस्य – सदस्य<br>(४) श्री सरिता घिमिरे नेपाल, कार्यपालिका सदस्य – सदस्य<br>(५) श्री सञ्जीव कुमार शाह, कार्यपालिका सदस्य – सदस्य |
| ४ | वडा कार्यालय भवन निर्माण सम्बन्धमा। | महानगरपालिका अन्तर्गतका कार्यालय भवन निर्माण गर्न बाँकि रहेका वडा कार्यालयहरूको आगामी नगर सभाबाट अनुमोदन हुनेगरी बजेट व्यवस्था गरी निर्माण प्रक्रिया अगाडि बढाउने सर्वसम्मतिले निर्णय गरियो। |
| ५ | उर्जा नीति सम्बन्धमा। | महानगर उर्जा नीति आवश्यक छलफलका लागि वन, वातावरण तथा विपद् व्यवस्थापन समितिमा पठाउने सर्वसम्मतिले निर्णय गरियो। |
| ६ | G to G लगायतका विधि एवम् ग्राभेल व्यवस्थापन सम्बन्धमा। | विभिन्न स्थानीय तहहरूसँग आपसी वार्ता गरी न्यूनतम मूल्यमा G to G विधिबाट नदीजन्य पदार्थहरू खरिद गरी उपयुक्त स्थानमा भण्डार गर्ने र विधिपूर्वक वितरण गर्ने एवम् उक्त कार्यको लागि लागत अनुमान अनुसारको बजेट आगामी नगर सभाबाट अनुमोदन हुनेगरी व्यवस्था गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

प्रतिलिपि

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

| | | |
|---|---|---|
| ७ | सडकहरूको ROW लगायत MTMP सम्बन्धमा। | महानगरपालिका क्षेत्रभित्र सम्पूर्ण सडकहरूको ROW कायम तथा नामाङ्कन सहित MTMP (महानगर यातायात व्यवस्थापन योजना) को विस्तृत अध्ययन-प्रतिवेदन गर्ने र सोको लागि आवश्यक बजेट आगामी नगर सभाबाट अनुमोदन हुनेगरी व्यवस्था गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ८ | विविध। | (क) बैजनाथपुर स्वास्थ्य चौकीलाई पाँच शैय्याको आधारभूत अस्पतालमा स्तरोन्नति गरी सञ्चलान गर्ने र सोका लागि हाललाई नेपाल सरकारबाट प्राप्त संगठन संरचना तथा दरबन्दी तेरिजलाई स्वीकृत गर्ने एवम् अस्पतालको कार्यसञ्चालन विधि तर्जुमा गरी आगामी कार्यपालिका बैठकमा पेस गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ख) नेपालको संविधानको धारा २२१ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(झ, ञ, प) बमोजिम वातावरण, प्राकृतिक स्रोत र जैविक विविधता सम्बन्धी व्यवस्थापकीय कार्यको लागि आवश्यक "वातावरण तथा प्राकृतिक स्रोत संरक्षण विधेयक, २०७९" आवश्यक अध्ययन तथा छलफलका लागि विधेयक समितिमा पठाउने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ग) कार्यालयको बैठक कक्षमा Video Conferencing System व्यवस्थापन गर्न यस आ.व.मा रु.५ लाख बजेट विनियोजन भएकोमा उक्त रकम अपुग भएको हुँदा आगामी नगर सभाबाट अनुमोदन हुनेगरी सोको लागि अपुग रकम रु.१२ लाख थप गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(घ) शहीद रङ्गशाला सञ्चालन तथा व्यवस्थापनको सम्झौता पुनरावलोकनका लागि देहाय बमोजिमको अध्ययन तथा प्रतिवेदन समिति गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(१) श्री काजी बहादुर बस्नेत (सामाजिक विकास समिति संयोजक) – संयोजक<br>(२) श्री मधुबाबु तिवारी (वडा अध्यक्ष, वडा नं.७) – सदस्य<br>(३) श्री दुर्गाप्रसाद खतिवडा (शैक्षिक प्रशासन महाशाखा) – सदस्य<br>(४) श्री सरोज कुमार गौतम (राजस्व व्यवस्थापन महाशाखा) – सदस्य<br>(५) श्री नवराज ढुङ्गाना (युवा तथा खेलकुद शाखा) – सदस्यसचिव<br><br>(ङ) इको पार्क सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा आवश्यक जाँचबुझ गरी प्रतिवेदन पेस गर्न देहाय बमोजिमको समिति गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(१) श्री मधुबाबु तिवारी (वडा अध्यक्ष, वडा नं.७) – संयोजक<br>(२) श्री बासु बहादुर बस्नेत (वन, वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक) – सदस्य<br>(३) श्री राजेन्द्र प्रधान (वातावरण तथा विपद् व्यवस्थापन म.शा.) – सदस्य<br>(४) श्री सरोज कुमार गौतम (राजस्व व्यवस्थापन महाशाखा) – सदस्य<br>(५) श्री पुनम कुमार दाहाल (सामुदायिक विकास शाखा) – सदस्यसचिव<br><br>(च) महानगरपालिकाको लोगो निर्माणको लागि आवश्यक ड्रइङ, डिजाइन लगायत सम्पूर्ण कार्य गर्ने अधिकार नगर कार्यपालिकाको कार्यालयलाई प्रदान गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ प्रदेश नं. १, नेपाल

(छ) नगर सभाको निर्णय बमोजिम कायम भएको लागत जनसहभागिताको अंश स्वीकृत आयोजनाहरूमा फरक पर्न गएकोले सोलाई संशोधन गर्ने एवम् ठेक्का प्रक्रियामा जाने आयोजनाहरूको लागत जनसहभागिता हटाउने समेतका लागि अध्ययन गरी प्रतिवेदन पेस गर्न श्री काजी बहादुर बस्नेतको संयोजकत्वमा श्री भरत कुमार न्यौपाने र श्री सञ्जीव कुमार भट्टराई सदस्य रहनेगरी तीन सदस्यीय समिति गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(ज) महानगरपालिकाको आवधिक योजना निर्माणका लागि चालु आ.व.मा रु.३० लाख रकम विनियोजन भएकोमा सोमध्ये रु.२० लाखभित्रमा आवधिक योजना निर्माणको खरिद प्रक्रिया अगाडि बढाउने र बाँकि रकम आगामी नगर सभाबाट अनुमोदन हुनेगरी अन्य कार्यक्रममा खर्च गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(झ) नेपाली सेनाको माग एवम् १८ नं. वडा कार्यालयको सिफारिस बमोजिम वडा नं.१८ मा नेपाली सेनालाई आवश्यक जग्गा (सार्वजनिक/ऐलानी) मा सङ्ग्रहालय निर्माण गर्न सहमति प्रदान गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(ञ) विराटनगर महानगरपालिका र आकृति एड्भरटाइजिङ्बीच ट्राफिक आइल्याण्ड र बस बिसौनी निर्माण गर्न सम्झौता भएकोमा सम्झौता अनुसार निर्माण कार्य भए/नभएको र हालसम्म के-कति निर्माण भएको सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेस गर्न देहाय बमोजिमको अध्ययन समिति गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो

(१) श्री सन्तोष न्यौपाने (वडा अध्यक्ष, वडा नं.५) – संयोजक
(२) श्री कमला श्रेष्ठ (कार्यपालिका सदस्य) – सदस्य
(३) श्री सुशील दाहाल (राजश्व व्यवस्थापन महाशाखा) – सदस्यसचिव

(ट) प्रमुख तथा उप-प्रमुखको सचिवालयमा कार्यरत २/२ जना कर्मचारीहरूलाई आगामी नगर सभाबाट अनुमोदन हुनेगरी मासिक तलबको ५० प्रतिशत भत्ता उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो।

(ठ) विगत लामो समयदेखि निरन्तर रुपमा विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा विद्युत हेलपर (श्रेणीविहीन) पदमा सेवा करारमा केही कर्मचारीहरू कार्यरत रहेकोमा हाल कार्यालयमा उक्त पदका जनशक्ति पर्याप्त रहेको एवम् नगर प्रहरीमा जनशक्ति अभाव रहेको हुँदा सेवा परिवर्तन गरी नगर प्रहरीमा कार्य गर्न निवेदन दिने देहायका कर्मचारीहरूको सेवा परिवर्तन गरी नगर प्रहरी जवानमा सेवा करार गरी कामकाजमा खटाउने सर्वसम्मतिले निर्णय गरियो।

| | |
|---|---|
| (१) मनोज कुमार यादव | (२) वीरेन्द्र कुमार महतो सुडीं |
| (३) दीपेश कुमार मण्डल | (४) बब्लु केसरी |
| (५) मनोज कामत | (६) उमेश पासवान |
| (७) ललित नारायण कामत | (८) विजय कुमार कामत |
| (९) हिरण्य लाल दास | (१०) विश्वेश्वर पासवान |
| (११) शमसुल मियाँ | (१२) शम्भु कुमार कामत |
| (१३) विक्रम श्रेष्ठ | (१४) दुर्गा पण्डित |
| (१५) गिरिजा चौधरी | (१६) रेशब श्रेष्ठ |
| (१७) शङ्कर साह | (१८) श्याम साह |
| (१९) सोनु अधिकारी (सवारीचालक) | |

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ प्रदेश नं. १, नेपाल